स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक




शुक्रबार देखि तीन नेपाली चलचित्र प्रदर्शनमा आएका छन्। शुक्रबार प्रदर्शनअन्तर्गत आजदेखि सिनेमाघरमा आएका चलचित्र हुन् यम थापाको निर्देशनमा "लालीबजार", प्रकु पाण्डेयको निर्देशनमा "मालती मंगले" र प्रेम सोनी सुनारको निर्देशनमा "गुरुआमा"। यस्तै, बलिउडको "कृष्णावतरम पार्ट १" र हलिउडको "मोर्टल कम्ब्याट पार्ट-२" पनि शुक्रबार देखि प्रदर्शनमा आएका छन्।

**आजको विचार...**



**अमेरिकन...**
*(दुई पेजमा)*

**पूर्ण ओली**



चलचित्र"छ माया छपक्कै-२" को छायांकन आरम्भ गरिएको छ। पहिलो दिन गागलफेदीमा दीपकराज गिरी र केकी अधिकारीको भागको दृश्य खिच्दै चलचित्रको छायांकन आरम्भ गरिएको हो। आमा सरस्वती मूभिज र रोहित अधिकारी फिल्मस्को ब्यानरमा बन्न लागेको यो चलचित्रको छायांकन दुई चरणमा हुने जनाइएको छ। पहिलो चरणमा ३० र दोस्रो चरणमा २० गरी ५० दिन छायांकन गरिने निर्माण टिमले जनाएको छ।


❒ वर्ष ३१ ❒ अंक २८१ ❒ २०८३ बैशाख २७ गते आइतबार 10 May 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# अनलाइन प्रणालीसँगै भारतीय सवारी निगरानी कडाइ

**रासस**

**भैरहवा (रुपन्देही)**, वैशाख २६/ नेपाल प्रवेश गर्ने भारतीय सवारीसाधन माथिको निगरानी थप प्रभावकारी बन्ने भएको छ । अभिलेख व्यवस्थापन र अनलाइन प्रणालीको अभावका कारण प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको भारतीय सवारी व्यवस्थापन प्रणाली अहिले डिजिटल माध्यमबाट कडाइका साथ लागू गर्न थालिएको हो ।

भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार नेपाल सरकारले भारतीय नम्बर प्लेटका सवारीसाधनका लागि तोकेको समयसीमा र शुल्कसम्बन्धी व्यवस्था नयाँ नभई विगतदेखि नै लागू रहेको कानुनी प्रावधान हो । तर, अनलाइन प्रणाली नहुँदा कुन सवारी कतिपटक नेपाल प्रवेश गर्‍यो, कति दिन बस्यो र समयसीमा नाघ्यो वा नाघेन भन्ने तथ्याङ्क व्यवस्थित रुपमा राख्न कठिन हुँदा नियम पूर्ण रुपमा कार्यान्वयन हुन सकेको थिएन । भारतीय नागरिक नेपालभर भ्रमण गर्न पाउने भए पनि पर्यटकीय प्रयोजनका




लागि नेपाल भित्रिने भारतीय सवारीसाधनलाई भने निश्चित समयसीमा तोकिएको उनको भनाइ छ । उनका अनुसार कार, जिप, मोटरसाइकललगायत पर्यटकीय सवारीसाधनले एक वर्षभित्र एकैपटक वा पटकपटक गरी जम्मा ३० दिनसम्म मात्रै नेपालमा बस्न पाउने कानुनी व्यवस्था छ । "तीस दिनभन्दा बढी बस्न हालतमा पाइँदैन । अतिरिक्त महसुल तिरेर पनि बस्न अनुमति छैन", प्रमुख भन्सार अधिकृत पौडेलले भने, "तोकिएको समयसीमा नाघेर सवारी नेपालमै राखेमा कानुनअनुसार कारबाही हुन्छ र सवारीसाधनसमेत जफत हुनसक्छ ।" भन्सार अधिकृत पौडेलका अनुसार सीमानाकामा यो व्यवस्था विगतदेखि नै लागू गरिँदै आए पनि अभिलेखीकरण म्यानुअल प्रणालीमा आधारित हुँदा निगरानी प्रभावकारी हुन सकेको थिएन । अहिले अनलाइन प्रणालीमार्फत सवारीको प्रवेश, बसाइ अवधि र आवतजावतको विवरण डिजिटल रुपमा राख्न थालिएपछि कार्यान्वयनमा सहजता आएको उनले बताए ।

**मालवाहक सवारीमा फरक व्यवस्था** : प्रमुख भन्सार अधिकृत पौडेलका अनुसार पर्यटकीय सवारी र मालवाहक ढुवानीका साधनका लागि भने फरक कानुनी व्यवस्था लागू गरिएको छ । 'सवारी साधन' र 'ढुवानीका साधन' अलगअलग रुपमा परिभाषित गरिएको उल्लेख गर्दै पौडेलले मालवाहक ट्रक तथा ढुवानीका साधनमा ३० दिने सीमा लागू नहुने स्पष्ट पारे ।

*(...बाँकी अन्तिम पेजमा)*

## सक्षिप्त समाचार

### विवाद हुँदा एक जनाको ज्यान गयो



**घोराही (दाङ)**, वैशाख २६ / जिल्लाको राजपुर गाउँपालिका(४ मोतीपुरस्थित एक सामुदायिक वनमा दाउरा लिने विषयमा भएको विवादले उग्र रूप लिँदा एक जनाको ज्यान गएको छ ।

शनिबार दिउँसो स्थानीय रामजानकी सामुदायिक वन क्षेत्रबाट काठ दाउरा लिने विषयमा भएको विवादपछि सोही गाउँपालिका(४ सन्तपुरुवाका इच्छाकुमार रैदासको आक्रमणबाट एक जनाको मृत्यु भएको हो । विवादपछि निजले धारिलो हतियार प्रहार गर्दा स्थानीय ५६ वर्षीय भोला यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक रेशम बोहोराले जानकारी दिए । घटनापछि फरार रहेका रैदासको खोजीकार्य जारी रहेको उनले बताए । **-रासस**

# रामपुरमा जेष्ठ नागरिकहरुसँग अन्तर्क्रिया

**हाम्रा संवाददाता**

**पाल्पा,(रामपुर)** वैशाख २६/ जिल्लाको रामपुरमा जेष्ठ नागरिकहरुसँग अन्तर्क्रिया कार्यक्रम गरिएको छ । जेष्ठ नागरिक समाज बुढानिलकण्ठ नगरपालिकबाट अध्ययन अवलोकनका लागि आएको जेष्ठ नागरिकहरुको टोली र रामपुर नगरपालिकाका जनप्रतिनिधि, जेष्ठ नागरिक र जेष्ठ नागरिक स्कुल व्यवस्थापन समितिबिच रामपुर जेष्ठ नागरिक स्कुलमा अन्तर्क्रिया भएको हो ।

कार्यक्रममा जेष्ठ नागरिकले आफ्नो अनुभव र ज्ञान बाँडेका थिए । रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले जेष्ठ नागरिकको सरल जीवन यापन र सम्मानसँगै सिप पुस्तान्तरणका लागि स्कुल सञ्चालन गरेको बताए । उनले जेष्ठ नागरिकहरुको सद्भावका लागि स्कुलको परिकल्पना गरेर नगरपालिकाले सञ्चालनमा ल्याएको जानकारी दिए । जेष्ठ नागरिकहरुसँग भएको अनुभव, सिपसँगै नैतिक शिक्षा आज अपरिहार्य रहेको भन्दै नयाँ पुस्तालाई नैतिकवान बनाउनका लागि पनि स्कुल महत्वपूर्ण हुने बताए ।



नगरपालिका भित्रका जेष्ठ नागरिकहरुलाई खुसी र सुखी बनाउने कर्तव्य नगरपालिकाको भएको भन्दै यसका लागि थप कार्यक्रमहरु सञ्चालन गर्दै जाने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा जेष्ठ नागरिक समाज बुढानिलकण्ठका अध्यक्ष डाक्टर रामराज पन्थीले एक्लो जीवन बिताइरहेको समयमा समाजमा जोडेर हामीसँग समाज र नगरपालिका साथमा छ भन्ने अनुभूति दिने अद्धितीय र काम गरेको बताए । उनले जेष्ठ नागरिकहरुलाई बदलिंदो समयसँगै विभिन्न डिजिटल सामग्रीको प्रयोग गर्न सिकाउन आग्रह गरे । आफुहरुले हरेक वर्ष उत्कृष्ट जिल्लाको अवलोकन भ्रमण गर्दै आएको भन्दै जेष्ठ नागरिकहरुका लागि स्कुलसँगै बसको पनि व्यवस्था गरेको जानकारी पाएर रामपुर जेष्ठ नागरिक स्कुलमा आएको बताए । यस्तै जेष्ठ नागरिक संघ पाल्पाका अध्यक्ष देवराज ढकालले निष्क्रिय जीवनमा जेष्ठ नागरिकहरुको अधिकार र सुरक्षासँगै सम्मानका लागि नगरपालिकाले सञ्चालन गरेको स्कुल उदहारणीय रहेको बताए । साथै उनले समग्र जिल्लामा जेष्ठ नागरिक र संघको गतिविधिसँगै अवस्थाको बारेमा जानकारी गराएका थिए । कार्यक्रममा रामपुर ज्येष्ठ नागरिक स्कुल सञ्चालन समितिका अध्यक्ष बुद्धि प्रकाश रेग्मीले रामपुर नगरपालिकाको लगानीमा नगरभित्रका विभिन्न स्थानका ज्येष्ठ नागरिकहरुलाई स्कुलमा विभिन्न कार्यक्रम तथा क्रियाकलापमा सहभागी गराउँदै आएको बताए । नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता,समितिका अध्यक्ष बुद्धि प्रकाश रेग्मीको स्वागत र सचिव तिर्थ प्रसाद ढुंगानाको सञ्चालनमा कार्यक्रम भएको थियो । नगरपालिकाले जेष्ठ नागरिकहरुलाई सम्मान सहितको सक्रिय जीवन निर्वाह, संस्कार र संस्कृतिको संरक्षण, पाका पुस्ताहरुको अनुभव र ज्ञान नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्य राखेर 'जेष्ठ नागरिक स्कुल' सञ्चालनमा ल्याएको हो । रामपुर-५, स्थित रामघाटमा स्कूल सञ्चालनमा ल्याइएको छ ।


## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

-आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
-आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
-नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
-आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
-सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
-सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
-जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
-सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
-अनियमितता र भ्रष्ट्राचारबिरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं, सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## प्रेस स्वतन्त्रतामा अंकुश

नेपालमा संविधानले प्रेस स्वतन्त्रताको अधिकार सुनिश्चित गरेको छ । तर, व्यवहारमा पत्रकारलाई सुरक्षित वातावरण दिन सकिएको छैन । प्रेस स्वतन्त्रताको प्रत्याभूति नहुनु लोकतन्त्रको आधारभूत मूल्यमाथिको आघात हो । सरकारको नीतिगत निर्णयले पनि स्वतन्त्र प्रेसमाथि दबाब बढाएको छ । सार्वजनिक खरिद ऐनजस्ता केही पुराना कानुनलाई अध्यादेशमार्फत संशोधन गरिँदा छापा माध्यमहरूले सरकारी विज्ञापन गुमाउनुपर्ने स्थिति आएको छ । त्यसो त, बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार आएसँगै विवादास्पद परिपत्रमार्फत संघ, प्रदेश र स्थानीय सरकारका निकायलाई सरकारी विज्ञापन निजी तथा सामुदायिक मिडियामा नदिन उर्दी जारी गरिएको थियो । सरकारको त्यो निर्देशनविरुद्ध मिडिया क्षेत्र अदालत पुगेकोमा बीचैमा अध्यादेशमार्फत सञ्चारमाध्यममा विज्ञापन प्रकाशन गर्नै नपर्ने व्यवस्था गरियो । यसले सञ्चारगृह आर्थिक संकटमा मात्र छैनन्, कतिपय बन्द हुने स्थितिमा पुगेका छन् । नेपाल पत्रकार महासंघले सो निर्णय तत्काल फिर्ता लिन माग गरेको छ, तर राज्यको असंवेदनशीलता अझै कायम छ । स्वतन्त्र प्रेसलाई कमजोर बनाउने यस्तो निर्णय लोकतन्त्रविरोधी मात्र होइन संविधानविरोधी पनि हो ।

सरकार गठन भएको थोरै दिनमा सरकारका काम कुराहरु स्वतन्त्र प्रेस भन्ने मान्यता अनुरुप थिएनन्। पहिले विज्ञापनमा प्रतिबन्ध लगाएर सरकारीबाहेकका प्रेसलाई चल्नै नसक्ने बनाइयो भने प्रेसमार्फत नागरिकको सुसूचित हुन पाउने संवैधानिक हकमाथि नै कुठाराघात गर्न खोजियो। सरकारले प्रेस जति निष्पक्ष, स्वतन्त्र र सबल हुन्छ, लोकतान्त्रिक व्यवस्था पनि त्यति नै सुदृढ हुँदै जान्छ भन्ने मान्यतालाई पनि लत्याइयो । पछिल्लो समय त सरकारी सूचनाहरु सार्वजनिक गरिनुपर्ने भन्ने कानुनसमेत परिवर्तन गरेर मुद्रण माध्यमलाई वैधानिक रुपले नै निषेध गर्न खोजिएका अवस्था छ। यस्ता कुराले सरकारको हरेक क्षेत्रमा बलियो बन्दै गएको निरंकुशताको अभ्यासलाई नै बलियो बनाउँछन्। संविधानमा समेत प्रेस स्वतन्त्रताको उल्लेख गरिए पनि वर्तमान सरकारले त्यसलाई बेवास्ता गर्दै मिडियाको घाँटी नै निमोठ्ने काम गरेको छ । लोकतान्त्रिक व्यवस्थामा यो अस्वीकार्य छ । मिडियाप्रति सरकार जिम्मेवार बन्नैपर्छ । एकातर्फ प्रेस स्वतन्त्रताको रक्षा गर्न भौतिक तथा व्यावसायिक सुरक्षामा ठोस कदम चाल्नुपर्छ भने अर्कोतर्फ दण्डहीनताको अन्त्य गर्नुपर्छ । पत्रकारलाई सुरक्षित भएर काम गर्ने वातावरण दिनुपर्छ । प्रेस स्वतन्त्रता लोकतन्त्रको महत्वपूर्ण आधार हो भन्ने सरकारले बिर्सनुहुँदैन । तसर्थ संविधानले नै दिएको पूर्ण प्रेस स्वतन्त्रतामा कुनै पनि बहानामा लगाइने अंकुश मान्य हुने छैन ।

### Opinion @ Social Network


एक्लै अगाडि बढ्न सिक्नुहोस् जिन्दगीमा जब दु:ख पर्छ नि तब साथ दिनेहरू भन्दा तमसा हेर्नेको भिड धेरै लाग्ने गर्छन् वरिपरी ।
*(शोभा खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/Shova.Khaka)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अमेरिकन बेसक्याम्प र नेपालको सुकुम्बासी समस्या



**पूर्ण ओली**

*अहिले धेरैजसो सुकुम्बासी राजधानी आएर खालि जग्गा र नदीका किनारमा बस्न थाले। माओबादी शान्ति वार्तामा आएपछि उ सँगै आएका गाउँका गरिब जनता सुकुम्बासी भएका पनि धेरै छन् । यता कपनको सात तले छेउमा धोबी खोला छेउमा बहुदल ब्यबस्था आइसकेपछि हालको बुढानिलकण्ठ वार्ड नम्बर १० मा भएको ऐलानी ६ रोपनी खाली जग्गामा केही मानिसले बाँस गाडेर छाप्रो बनाउन थालेका हुन् । आफ्नो घर पनि यसैको नजिक भएकोले मैले सुरुमै केही साथीहरुलाई यो ऐलानी जग्गामा सुकुम्बासीको नाममा सबै हुने खानेले छाप्रो बनाउन भन्दा यसलाई खुला राखी पार्क बनाउँदा पछिलाई समेत राम्रो हुन्छ भनी केही छिमेकी साथीसँग कुरा गरें । पछि बुझ्दा केही टाठा बाठा छिमेकी जो गाउँमा पनि राजनीति गरेर आएका काइते किसिमका मानिसहरुले समेत बाँस गाडेको बुझिए पछि यसलाई रोक्न सकिएन । जब निर्बाचन आउँछ दलका उम्मेद्वारले उनीहरुलाई आफूलाई भोट हालेमा लालपुर्जा दिलाइ दिन्छौं भनी भोट बैंक नै बनाएको बुझियो। त्यतिबेला कपनमा एमालेको स्थानीय निकाय प्रमुख थिए । अहिले पनि उनै छन् । जे होस् पुराना दलले जनतालाई झुटा आश्वासन दिएर नक्कली सुकुम्बासी बनाएर खालि जमिन, नदीको किनारमा बस्ने गरी अब्यबस्थीत घर छाप्रा बनाउन प्रोत्साहन गरे ।*

अमेरिकन बेस क्याम्प मध्यपूर्वदेखि संसारभर छरिएर राखिएको पाइयो । ती देशको सुरक्षाको जिम्मा अमेरिकाले लिन्छ भन्दै सम्पूर्ण सुरक्षा खर्च तीनै देशलाई जिम्मा दिएर राखिएका अमेरिकन सैनिकका बेस क्याम्प अहिले तीनै देशलाई घाँडो भएका छन् । अमेरिकन बेस क्याम्प हटाउँदा इरानले एकै रातमा कब्जा गर्ला भन्ने डर छ । बेस क्याम्प नहटाउँदा जहिलेपनि इरानी ड्रोनको हमला हुने डर भएको छ । शायद क्रमस अमेरिकन बेस क्याम्प हट्न सुरु गर्नेछन् । यता नेपालको सुकुम्बासी समस्या पनि कहिले नसकिने समस्या रहेछ । पहिला झापा तिर झोडामा जंगल फाँडेर पहाडबाट अनिकाल परेर आएका मानिसलाई सुकुम्बासीको नाममा राखिएको थाहा छ । त्यतिबेला पनि प्रधानमन्त्रीका नजिकका नेतालाई चुनाब खर्च उठ्छ भनी सुकुम्बासी आयोगको अधक्ष्य बनाएर पठाइन्थ्यो । जसले पछि गएर चुनाब लडेको पनि देखियो । अर्कोतर्फ सुदूर पश्चिममा महाकाली अंचलको कन्चनपुर जिल्लाको शुक्लाफाँटा वन्यजन्तु आरक्ष बिस्तार गर्दा धेरै मानिस हटाएर पछि जग्गा सोधभर्ना दिने भनिएपनि अहिलेसम्म कतिपय मानिसहरु सुकुम्बासी भएर जंगल फाँडेर या सरकारी जग्गामा बसेकै छन् । जब ब्यबस्था बदलिन्छ त्यतिबेला दलका नेताले गरिब सोझा साझा जनतालाई हाम्रो सरकार आएमा हामी लालपुर्जा सहित जग्गा मिलाइदिन्छौं भनि उनीहरुलाई जंगल फांडेर बसाएर भोट बैंक बनाउन सबै दल लागे । अहिले धेरैजसो सुकुम्बासी राजधानी आएर खालि जग्गा र नदीका किनारमा बस्न थाले। माओबादी शान्ति वार्तामा आएपछि उ सँगै आएका गाउँका गरिब जनता सुकुम्बासी भएका पनि धेरै छन् । यता कपनको सात तले छेउमा धोबी खोला छेउमा बहुदल ब्यबस्था आइसकेपछि हालको बुढानिलकण्ठ वार्ड नम्बर १० मा भएको ऐलानी ६ रोपनी खाली जग्गामा केही मानिसले बाँस गाडेर छाप्रो बनाउन थालेका हुन् । आफ्नो घर पनि यसैको नजिक भएकोले मैले सुरुमै केही साथीहरुलाई यो ऐलानी जग्गामा सुकुम्बासीको नाममा सबै हुने खानेले छाप्रो बनाउन भन्दा यसलाई खुला राखी पार्क बनाउँदा पछिलाई समेत राम्रो हुन्छ भनी केही छिमेकी साथीसँग कुरा गरें । पछि बुझ्दा केही टाठा बाठा छिमेकी जो गाउँमा पनि राजनीति गरेर आएका काइते किसिमका मानिसहरुले समेत बाँस गाडेको बुझिए पछि यसलाई रोक्न सकिएन । जब निर्बाचन आउँछ दलका उम्मेद्वारले उनीहरुलाई आफूलाई भोट हालेमा लालपुर्जा दिलाइ दिन्छौं भनी भोट बैंक नै बनाएको बुझियो। त्यतिबेला कपनमा एमालेको स्थानीय निकाय प्रमुख थिए । अहिले पनि उनै छन् । जे होस् पुराना दलले जनतालाई झुटा आश्वासन दिएर नक्कली सुकुम्बासी बनाएर खालि जमिन, नदीको किनारमा बस्ने गरी अब्यबस्थीत घर छाप्रा बनाउन प्रोत्साहन गरे । त्यस बाहेक आफ्ना भातृ संगठनहरुलाई ट्रेड युनियन बनाएर उनीहरुलाई सरकारी जग्गामा घर बनाएर भाडा उठाएर खाएका पनि देखिए । यो काठमाडौं उपत्यकाको महत्वपूर्ण जमिनदेखि पोखरा महानगरपालिकालगायत बिभिन्न शहरमा समेत सरकारी सम्पतिको चरम दुरुपयोग गरेको देखियो । त्यस्तै दलका ब्यापारी साझेदारलाई राज्यका महत्वपूर्ण संरचना जमिन अत्यन्त सस्तो दरमा लामो समयको लागि लिजमा समेत दिएका छन्। यसबाट शिर्फ दलका नेता र ती ब्यापारी मात्र लाभान्वीत भइरहेका छन् । तर देश र जनता प्रतेक दिन खोक्रो र अब्यबस्थित भइरहेका छन् । यदि यसपालिको निर्वाचनमा पुराना दललाई पाखा नलगाएको भए हाम्रो देश अत्यन्तै अब्यबस्थित भएर युवा विहीन हुनसक्थ्यो। तर जनताको सही सुझबुझ र पुराना दलबाट वाक्क दिक्क भएका जनताले नयाँ दल रास्वपालाई जिताएर बालेन्द्र शाहलाई प्रधानमन्त्री बन्ने अबसर दिएका छन् । अब सरकारले चाहेअनुसार सबै अध्यादेश राष्ट्रपतिबाट पास भइसकेपछि सरकारले चाहेअनुसार सुशासनसहित बिकासको गति अघि बढ्ने संभावना देखिन्छ । सरकारले कर्मचारी शिक्षक र विद्यार्थीलाई राजनीतिबाट बाहिर राखेर उनीहरुको आफ्नो कर्तब्य पूरा गर्नपट्टी लागेमा अबश्य पनि देश सुनिसक्छ । अझैपनि बिद्यार्थीहरु पुरानै दलको निर्देशनअनुसार दलका भात्री संगठन यथावत राखेर फेरिपनि हडताल जुलुस, तालाबन्दी, भिसी, रेक्टर तथा रजिष्ट्रारको कोठामा तालाबन्दी गर्न चाहेका देखिन्छन् । यसको अलाबा कुनैपनि निर्माणकार्यबाट कमिसन लिने अनि परीक्षामा नक्कलि परिक्षर्थी खडा गेरर परीक्षामा पास गर्ने सोच हुनसक्छ । बिदेशतिर कुनैपनि विद्यार्थीले आफ्नो पढाइभन्दा अन्यत्र ध्यान दिँदैनन् । बरु मिलेमा पार्ट टाइम जब गरेर पढाइलाई अगाडि बढाउन चाहन्छन् । बालेन सरकारको सही अडानलाई कायम राख्तै भारतसँगको सिमाना बिवाद मिलाउन सफल भए र खुला सिमाना नियमित गर्नेतर्फ भारतसँग गहन वार्ता गरेर अघि बढे नेपालको दीर्घकालीन हित हुनसक्छ । जबसम्म नेपाल र भारतबीचको खुला सिमाना कायम हुन्छ तबसम्म खुला सिमानाबाट तस्कर, अबैध कारोबार, नक्कली नोठको कारोबार, हतियार बिष्फोटक पदार्थ साथै अपराधीको ओसार पसार तथा ओहोर दोहोर रोकिने छैन । तबसम्म नेपाल सुरक्षित हुन सक्तैन । यदि खुला सिमाना नियन्त्रण मात्र हुने हो भने यी सबै बिकृति रोकिने मात्र होइन अरबौको राजस्व बढ्ने छ बालेन सरकार । अर्को प्रमुख बिषय नेपाल खाद्यान्नमा आत्मनिर्भर हुनैपर्छ । जसबाट अरबौंको ब्यापार घाटा घट्ने छ । भारतले नाकाबन्दी गरिहालेमा नेपाली भोकै मर्दैनन् । खाद्यान्नका लागि सिचाइमा पहाड मधेश सबैतिर अभियान चलाउनु पर्छ, मल कारखाना खोल्नुपर्छ, बिउ तथा प्रबिधि स्थानीय तहसम्म् पुऱ्याउने। साथै उत्पादित खाद्यान्न बजारसम्म पुऱ्याउन सहयोग स्थानीय तहले समन्वय गर्ने नीति पास गर्नैपर्छ । शिक्षा र स्वास्थ्य गुणस्तरिय बनाएर प्रतेक वडासम्म स्वास्थय चौकी बनाएर डक्टर नर्स र निसुल्क औषधिको ब्यबस्था गरे जनता गाउँ फर्कनेछन् । हाइस्कुल तहमा प्राबिधिक शिक्षा अनिबार्य गरियोस् । जसले गर्दा युवाहरु स्वदेशमै रोजगार बन्न सक्छन्। जडिबुटी उद्योगसँगै गाँजा खेतीलाई बैधता प्रदान गरियोस् । यसबाट किसानको जिवनस्तर सुनि छ । अरबौं डलर बिदेशबाट आउने छ । तर नीति नियम कढा बनाएर, कढाइका साथ पालन गर्नुपर्छ । अहिले तुरुन्त गरिने कार्यमा युवाहरुलाई बिदेश जान रोक्न प्रत्येक वडासम्म पुगेर बिज्ञ र क्षमतावान मानिसहरु गएर युवालाई अभिमुखि तालिम संचालन गरियोस् । जसबाट उनीहरुले गाउँ मै केही आयमुलक ब्याबसाय गर्न सकुन् । उनीहरुले बिदेश जाँदा गरिने खर्च कुनै ब्यबसायमा लगाउन् । यो कार्य जतिसक्तो छिटो सुरु गर्नुपर्छ । युवाहरुको हातमा पासपोट होइन शिप सिकाउ जसबाट उनीहरु रोजगार बनुन् । श्रम गर्ने ब्यक्ति कमी भएर अहिले इण्डियाबाट लाखौ शिप भएका युवाहरु काठमाडौंलगायत अधिराज्यभरमा बिभिन्न काम गरिरहेका छन् । अर्को अत्यन्त महत्वपूर्ण तर समय लाग्न सक्छ ।

तराइमा बग्ने फराकिला नदीमा क्रमस तटबन्ध बनाउन सुरु गरियोस्। मजबुतसँग बनाइएको तटबन्धसँगै बाँस घाँस अमृसो पनि लगाउने नीति बनाइयोस् । यसबाट लाखौं बिघा उर्बरा भूमी निस्कनेछ । उक्त जग्गा भूमिहीन सुकुम्बासीलाई बितरण गर्न सकिन्छ। जहाँ उनीहरुले आफ्नो घर बनाएर खेतिपाती गर्न सक्छन् । बाँकी जग्गा उद्योग खोल्न लिजमा दिन सकिन्छ । यो शिर्फ सरकारले सुरु गरोस् समय लागेपनि यो दीर्घकालीन् देशको हितमा हुनेछ। यसबाट नदी कटान रोकिने र हाम्रो उर्बरा माटो प्रत्येक वर्ष बाढिले बगाएर भारतको समुद्रमा टापु बन्ने काम रोकिन्छ । अहिले रवि-बालेनबाट जनताको ठूलो अपेक्षा छ । यो क्रमस जनताको चाहना पूरा हुँदै जावस् । यसपालीको बजेट भाषणबाट प्रधानमन्त्री बालेन देश हितमा महत्वपूर्ण बिचार र देश हितमा कार्यक्रम ल्याउन र समयमा कार्यन्वयन होउन् । बिगतका सरकारका जस्ता झुटा आश्वासन अब कहिल्यै नआउन् । त्यसैले संसारभरका अशान्तिका जड भएका अमेरिकन बेस क्याम्प हट्न कठिन भएपनि नेपालको सुकुम्बासी समस्या या अब्यबस्थित बसोबास संधैको लागि समाप्त होस् ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष**: सानो प्रयत्नले महत्वपूर्ण काम बन्न सक्छ । मानसम्मान बढ्नेछ । | **तुला** : अस्वस्थता र चोटपटक पनि सम्भावना छ । विशेष कामलाई समय पर्खनु राम्रो हुनेछ । |
| **वृष** :पढाइलेखाइमा मन जानेछ । व्यवसायमा पनि राम्रै लाभ हुने छ । | **वृश्चिक** : व्यावहारिक समस्या आउन सक्छन्, सचेत रहनु नै राम्रो होला । |
| **मिथुन**: खर्च बढ्ने र काम रोकिने योग छ । यात्रामा कष्ट, शारीरिक थकाइ पनि बढ्नेछ । | **धनु** :कामका चुनौतीहरू पनि हट्ने छन् । आतिथ्यपूर्ण सम्मान पाइनेछ । |
| **कर्कट** : टाढाको यात्रा सम्भावना छ । पुराना साथीभाइसँग भेटघाट होला । | **मकर** :काममा थप प्रगति हुने योग छ । स्वास्थ्य पनि सबल बन्नेछ । |
| **सिंह** :आम्दानी पनि प्रशस्तै हुनेछ । विभिन्न अवसरले पछ्याउने छन् । | **कुम्भ** : रोकिएका काम बन्नेछन्। पढाइ लेखाइमा प्रगतिको योग छ। |
| **कन्या** :धर्मकर्म र परोपकारमा धन र समय खर्च गरिनेछ । अँटिका काम सजिलै पूरा हुनेछन् । | **मीन** : व्यवसायमा फाइदा होला । प्रतिस्पर्धीहरूले हार खानेछन् । |

# कृषि

## मल वितरण व्यवस्थित बनाउन नयाँ कार्यविधि



सरकारले रासायनिक मल वितरणका लागि नयाँ कार्यविधि २०८२ कार्यान्वयनमा ल्याएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रासायनिक मल आपूर्ति र वितरण प्रणाली प्रभावकारी बनाउन 'अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२' कार्यान्वयनमा ल्याएको हो । उक्त कार्यविधिले लागत सहभागिताका आधारमा किसानलाई सहुलियत दरमा मल उपलब्ध गराउने लक्ष्य राखेको छ । संविधानमा व्यवस्था गरिएको 'खाद्य सम्बन्धी हक' कार्यान्वयन गर्न र कृषि उत्पादन वृद्धि गरी देशको आर्थिक समृद्धिमा योगदान पुऱ्याउने उद्देश्यले नयाँ कानुनी ढाँचा तयार गरिएको मन्त्रालयले जनाएको छ । नयाँ कार्यविधिले प्रदेश र स्थानीय तहका लागि मलको कोटा निर्धारण गर्न ठोस र वैज्ञानिक मापदण्ड तय गरेको छ । कुल कोटा निर्धारण गर्दा खेतीयोग्य जमिनलाई २० प्रतिशत, बाली सघनतालाई १० प्रतिशत, सिँचाइ सुविधा उपलब्ध भएको क्षेत्रफललाई २० प्रतिशत र विगत पाँच वर्षको मल प्रयोगको अवस्थालाई २० प्रतिशत भार दिइने कार्यविधिमा उल्लेख छ । त्यस्तै, आगामी वर्षका लागि माग गरिएको परिमाणलाई २० प्रतिशत र विशेष बालीहरू (चिया, उखु, तरकारी आदि) को क्षेत्रफललाई १० प्रतिशत भार दिई न्यायोचित वितरण सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । मुख्य बालीको सिजनमा हुन सक्ने मल अभाव सम्बोधन गर्न वार्षिक परिमाणको १० प्रतिशत मल 'बफर स्टक' (मौज्दात) अनिवार्य गरिएको छ । उक्त स्टक विशेष गरी धान, मकै र गहुँजस्ता प्रमुख बालीहरू र बीउ उत्पादनका लागि प्रयोग हुनेछ । खाद्य सुरक्षाका दृष्टिले महत्त्वपूर्ण मानिएको उक्त मौज्दात मल मन्त्रालयको समन्वयमा कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले व्यवस्थापन गर्नेछन् । कार्यविधिअनुसार मल वितरण प्रक्रियामा स्थानीय तहलाई जिम्मेवारी सुम्पिएको छ । स्थानीय तहले किसान सूचीकरण नम्बर, राष्ट्रिय परिचयपत्र वा अन्य विशेष पहिचानका आधारमा वास्तविक किसानको पहिचान गरी मल वितरण गर्नुपर्नेछ । स्थानीय समितिले आफ्नो क्षेत्रभित्रका बिक्रेताहरूको अनुगमन गर्ने, कोटा बाँडफाँट गर्ने र तोकिएको मूल्यमा मल बिक्री भएको सुनिश्चित गर्नुपर्नेछ । बिक्रेताले भेदभावपूर्ण वा गैरकानुनी काम गरेमा स्थानीय तहले उसको अनुमतिपत्र निलम्बन वा रद्द गर्न सिफारिससमेत गर्न सक्नेछ । त्यस्तै, कार्यविधिले अनुदानको मलको उपभोक्ता मूल्य निर्धारण गर्ने प्रक्रिया सरलीकृत गरेको छ । मन्त्रालयले आयात बिन्दुको मूल्य तोक्नेछ भने त्यसमा ढुवानी भाडा र बिक्रेताको मुनाफा जोडेर स्थानीय बिक्री मूल्य कायम गरिनेछ । ढुवानी भाडा निर्धारण गर्दा जिल्ला दररेट समितिको निर्णयलाई आधार मानिनेछ । बिक्रेताले आफ्नो सञ्चालन र व्यवस्थापन खर्चबापत प्रतिकेजी बढीमा एक रुपैयाँमात्र थप गर्न पाउनेछ । मल वितरणमा पारदर्शिता कायम गर्न मन्त्रालयले सूचना प्रणाली (सफ्टवेयर) को प्रयोग अनिवार्य बनाएको छ । मल वितरक कम्पनीहरूले आफ्नो दैनिक कारोबारको विवरण र मौज्दात अवस्था सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ भने बिक्रेताले पनि कुन किसानलाई कति मल बिक्री गरियो भन्ने विवरण राख्नुपर्नेछ । मासिक रूपमा त्यस्तो विवरण मन्त्रालय र प्रदेश सरकारलाई पठाउनुपर्ने व्यवस्था छ । अनुदानको मल बिक्रीका लागि सरकारले सहकारी संस्थालाई पहिलो प्राथमिकतामा राखेको छ । कुनै स्थानीय तहमा कृषि सहकारी नभएको वा मल कारोबार गर्न इच्छुक नभएको अवस्थामा मात्र निजी फर्म वा कम्पनीलाई बिक्रेता नियुक्त गरिनेछ । त्यस्तै, कार्यविधिले सरकारी कृषि फार्म, कृषि अनुसन्धान परिषद् (नार्क) का केन्द्रहरू, कृषि विश्वविद्यालय र बीउ उत्पादन गर्ने निकायहरूका लागि छुट्टै व्यवस्था गरेको छ । उल्लेखित निकायहरूले अनुसन्धान वा बीउ उत्पादन प्रयोजनका लागि मलको माग सिधै वितरक कम्पनीमा गर्न सक्नेछन् । मल वितरण प्रभावकारी बनाउन केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न समितिको संरचना बनाइएको छ । केन्द्रमा कृषि सचिवको संयोजकत्वमा 'मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति' रहनेछ भने प्राविधिक विषयका लागि प्राविधिक समिति रहनेछ । सातै प्रदेशमा प्रदेश सचिवको नेतृत्वमा 'प्रदेश समिति' र जिल्लास्तरमा 'जिल्ला समिति' रहनेछन् ।

*-अनलाइन खबर डटकम*

## बेमौसमी वर्षाले सुपर जोनको मकैबालीमा क्षति



सर्लाही जिल्लाका बरहथवा र बागमती नगरपालिकालाई समेटेर सञ्चालन गरिएको मकै सुपर जोन क्षेत्र यतिबेला बेमौसमी वर्षाको मारमा परेको छ । करिब नौ हजार दुई सय ४८ हेक्टरमा फैलिएको यस क्षेत्रमा किसानले लगाएको मकै पाक्ने बेलामै पानी परेपछि ठूलो क्षति बेहोर्नुपरेको हो । खेतमा पहेँलिँदै गएको मकैबाली अहिले भिजेर झुकेका छन्, कतै कुहिन थालेका छन् भने कतै दाना नै बिग्रिएको छ । सुपर जोन कार्यक्रमका प्रमुख डा. सुरेन्द्र यादवका अनुसार यस वर्षको वर्षाले करिब ३० प्रतिशत हाराहारीमा उत्पादन घट्ने अनुमान गरिएको छ । उनले भने, 'मकै पाक्ने समयमै लगातार वर्षा हुँदा उत्पादन र गुणस्तर दुवैमा असर परेको छ । यो अवस्थाले किसानको आम्दानीमा सिधा प्रभाव पार्नेछ ।' दुई बिगाहामा मकैखेती गर्दै आएका किसान इस्तिक सेकले आफ्नो खेतमा भिजेको मकै देखाउँदै भने, 'धेरै मिहिनेत गरेर लगाएको मकै भित्र्याउने बेला भएको थियो तर पानीले सबै बिगारिदियो ।' उनका अनुसार मकैको दाना राम्ररी सुक्न नपाउँदा कुहिने समस्या बढेको छ भने तौलमा समेत कमी आउने र बिक्री गर्दा पनि मूल्य घट्ने डर छ । सर्लाहीमा मकैलाई नगदे बालीका रूपमा लिने चलन बढ्दो छ । धानपछि मकै लगाएर आम्दानी बढाउने आशामा किसानहरू छन् तर यस वर्ष खेतीको सुरुवातदेखि नै मौसमले साथ दिएन । किसान रोजा दिन मन्सुरका अनुसार रोपाइँकै समयमा परेको वर्षाले ढिलाइ गरायो, जसका कारण सबैले लगभग एउटै समयमा मकै रोपे । उनले भने, 'अहिले सबैको मकै एकैपटक पाक्यो तर काट्ने बेला फेरि पानी आयो, यसले झन् समस्या थप्यो ।' अर्का किसान श्यामभक्त मैनालीका अनुसार अब लगानी कसरी उठाउने भन्ने चिन्ता छ । भिजेको मकै भण्डारण गर्न पनि कठिन हुने भएकाले थप नोक्सानीको जोखिम बढेको छ । उता बजार पनि किसानका लागि सहज छैन । भिजेको मकैलाई व्यापारीहरूले कम मूल्य दिने गरेको किसानको गुनासो छ । शुभद्र मैनालीले भन्, 'सुक्खा मकैको जस्तो मूल्य पाइँदैन । व्यापारीले गुणस्तर घटेको भन्दै भाउ घटाउँछन् । जसले गर्दा किसानको लागतसमेत उठाउन कठिन भइरहेको छ ।' यस वर्ष धान काटिसकेपछि परेको वर्षाका कारण धेरै किसानले एकैपटक मकै रोपेका थिए । फलस्वरूप अहिले एकै समयमा उत्पादन तयार भयो । सामान्य अवस्थामा यो अवसर हुन सक्थ्यो तर लगातारको वर्षाले त्यसलाई संकटमा बदलिदिएको छ । खेतमा थन्किएको मकै सुकाउन घाम नलाग्दा समस्या झन् बढेको छ । नेपाललाई कृषि प्रधान मुलुक भनिए पनि किसानले अझै आधारभूत सुविधा अभावमै खेती गर्नुपरेको छ । समयमा मलखाद नपाउनु, गुणस्तरीय बीउको कमी र पर्याप्त सिँचाइ नहुनु जस्ता समस्या पुरानै हुन् । कृषि विज्ञहरूका अनुसार यस्तो जोखिम न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रम प्रभावकारी रूपमा लागू गर्न आवश्यक छ । तर, धेरै किसान अझै बीमाको पहुँचमा छैनन् । बीमा भए पनि दाबी प्रक्रिया जटिल र ढिलो हुने गुनासो सुनिन्छ । सर्लाहीका किसानको अनुभवले देखाउँछ कि प्रकृतिमा निर्भर कृषि अझै जोखिमपूर्ण छ । वर्षौंदेखि पसिना बगाएर उत्पादन गर्ने किसानका लागि एकैपटकको वर्षाले सबै मिहिनेत खेर जान सक्छ, त्यसैले अब कृषिमा प्रविधि, पूर्वतयारी र सुरक्षा संयन्त्र सुदृढ गर्नु अपरिहार्य देखिन्छ । अहिले भने सर्लाहीका किसानहरू आकाशतिर हेर्दै घाम लाग्ने आशामा छन्, ताकि भिजेको मकै सुकाउन सकियोस् र केही भए पनि आफ्नो लगानी जोगाउन सकियोस् ।

*-इहिमालय टाइम्स डटकम*

## पाहुनालाई कोसेली कोदोको बिस्कुट



इलामको माईजोगमाई गाउँपालिकाले रैथाने बाली संरक्षण गर्न कोदोको पिठोबाट बिस्कुट बनाउने पालिकावासीलाई अनुदान दिन थालेको छ । उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रमअन्तर्गत पालिकाबासीलाई अनुदान दिन सुरु गरेको हो । अनुदान पाएर हाल एक जना महिलाले गाउँपालिकाको नयाँबजारमा कोदो पिठोबाट बिस्कुट उत्पादन गर्न थालेका छन् । नयाँबजारकी पार्वती भट्टराईले कोदोको पिठोबाट बिस्कुट उत्पादन सुरु गरेका हुन् । 'ओभन मेसिन'मा पकाएर कोदोको पिठोबाट बिस्कुट उत्पादन सुरु गरेको उनको भनाइ छ । उद्यमी भट्टराईले उद्योग नै सञ्चालन गरेर यसको उत्पादन सुरु गरेका हुन् । भट्टराई 'कोदोको बिस्कुट तथा बेकरी उद्योग' नाम दिएर उद्योग स्थापना गरेको उनले बताए । तयारी कोदो फल्ने, पिस्ने र मह वा चिनी एवं केही मैदा मिसाएर गोलो आकारको बनाएर ओभन मेसिनमा पकाएपछि ड्रायरमा सुकाएर यसलाई तयार गर्ने गरिएको छ । उत्पादन सुरु भरेको भर्खरै मात्र भएर हाल स्थानीय बजारका साथै घुम्न आउने पर्यटक र पाहुनाहरूले कोसेलीका रूपमा बिस्कुट लैजाने गरेको उनको भनाइ छ । माईजोगमाई गाउँपालिकाद्वारा सञ्चालित उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रमअन्तर्गत अनुदानमार्फत आफूले सो उद्योग स्थापना गरेको सञ्चालक भट्टराईको भनाइ छ । कोदोको परिकार शक्तिवर्द्धक मानिन्छ । यसमा मिसाइने गुलियो या मह चिनी, उखुको खुदोले अझ मिठोपन दिने गर्दछ । सँगै भट्टराईले पाउरोटीलगायतका परिकारसमेत निर्माण गर्ने गरेका छन् । तयार गरेको कोदोको बिस्कुट उपभोक्ताले रुचाउने गरेको उनी बताउँछन् । स्वास्थ्यका लागि समेत राम्रो भएपछि यसलाई विस्तार गर्ने सोचमा रहेको सञ्चालक भट्टराई बताउँछन् । मागका आधारमा बिस्कुट उत्पादन गरी बिक्री गर्दै आएकोसमेत उनको भनाइ छ । गाउँपालिकाले सहयोग गरेको यो कार्यक्रमले स्थानीयस्तरमा कोदाको समेत 'ब्रान्डिङ' हुने अपेक्षा लिइएको गाउँपालिका अध्यक्ष कुशबहादुर थेबेले बताए । उनले बिस्कुट बनाउन थालेपछि कोदोलाई 'ब्रान्ड' बनाउन सकिने सम्भावनादेखिको उल्लेख गरे । पछिल्लो समय कोदोखेती गर्ने किसानको सङ्ख्या घट्दै गएपछि यसको उत्पादनसमेत कम हुँदै आएको छ । गाउँमै उद्योग स्थापना गरी बिस्कुट उत्पादन गरेर बजारीकरण गर्दा कोदो उत्पादन गर्ने किसानको सङ्ख्यासमेत वृद्धि हुने र उत्पादनसँगै किसानलाई फाइदा पुग्ने गाउँपालिका अध्यक्षको भनाइ छ । उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रमले नेपालमा नै केही गर्न चाहने युवाहरूलाई सहयोग गर्ने गाउँपालिकाकी उपाध्यक्ष प्रवीना राईले बताए। उनका अनुसार उद्योग स्थापना गर्न गाउँपालिकाले नै सहयोग गरेको छ । गाउँपालिकाले औजार खरिदमा सहयोग गरेको जनाइएको छ । उनले यो कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढाउन सके गाउँपालिकाले थप सहयोग गर्ने बताउँदै व्यावसायिक तरिकाले काम गर्न सुझाव दिए । युवा तथा उद्यम गर्न चाहानेहरुले नयाँ र रचनात्मक हिसाबले काम गरे उद्योग सञ्चालकलाई मात्र नभएर सिङ्गो गाउँपालिकालाई नै फाइदा मिल्ने उनको भनाइ छ । वस्तु उत्पादनमा मात्र नभएर उत्पादित वस्तु बजारसम्म लैजानसमेत गाउँपालिकाको सहयोग आवश्यक छ । *-रासस*

## रायोको सागमा भेटियो विषादी, नष्ट गर्न निर्देशन



कालीमाटी फलफूल तथा तरकारी बजारमा गरिएको विषादी अवशेष परीक्षणका क्रममा भक्तपुरको मध्यपुर थिमीबाट ल्याइएको रायोको साग खान अयोग्य भेटिएको छ । केन्द्रीय कृषि प्रयोगशाला मातहतको 'विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ', कालीमाटीले परीक्षणमा १३ वटा नमुनामध्ये एउटा नमुनामा विषादीको मात्रा उच्च पाइएको हो । प्रयोगशालाका अनुसार सुनिता श्रेष्ठले बजारमा ल्याएको रायोको सागमा अर्गानोफोस्फेट विषादीको रोकावट प्रतिशत ५५.७२ देखिएको छ । सरकारी मापदण्ड अनुसार विषादीको मात्रा ४५ प्रतिशत भन्दा बढी भएमा त्यस्तो तरकारी तथा फलफूल खान अयोग्य मानिन्छ र तत्काल विसर्जन गर्नुपर्ने हुन्छ । सोही बमोजिम उक्त रायो सागलाई विसर्जन गर्न निर्देशन दिइएको छ । सोही दिन परीक्षण गरिएका अन्य तरकारी तथा फलफूलहरू भने उपभोगका लागि सुरक्षित पाइएका छन् । प्रयोगशालाले सुनसरीको खरबुजा, भारतको मेवा, नवलपरासीको खरबुजा, चीनको स्याउ, धादिङको तितो करेला, मकवानपुरको बन्दागोभी, नुवाकोटको गोलभैंडा र खुर्सानी, काठमाडौँको काँक्रो, चितवनको भान्टा, काभ्रेको भैँडे खुर्सानी र दोलखाको रायो सागको परीक्षण गरेको थियो । यी सबैमा विषादीको मात्रा ३५ प्रतिशत भन्दा कम देखिएकाले उपभोगयोग्य भनी प्रमाणित गरिएको छ । सरकारको नियमअनुसार, रोकावट प्रतिशत ३५ भन्दा कम भए उपभोगयोग्य, ३५ देखि ४५ प्रतिशतसम्म भए केही दिन राखेर मात्र प्रयोग गर्नुपर्ने (क्वारेन्टाइन) र ४५ प्रतिशत भन्दा बढी भएमा नष्ट गर्नुपर्ने प्रावधान छ । यो परीक्षण कार्बामेट र अर्गानोफोस्फेट समूहका कीटनाशक विषादीहरूमा मात्र आधारित रहेको प्रयोगशालाले जनाएको छ ।

*-रातोपाटी डटकम*

# एकीकृत पाठ्यक्रम सम्बन्धी शिक्षकलाई तालिम



**पाल्पा,(रामपुर)** वैशाख २६/रामपुर नगरपालिका भित्रका शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज तालिम दिन थालिएको छ । रामपुर नगरपालिकाको आयोजनामा प्राथमिक तहमा अध्यायपन गराउने शिक्षकहरुका लागि तालिम दिइएको हो ।

तालिमको नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले एक औपचारिक कार्यक्रमकाबिच उद्घाटन गरेकी हुन् । तालिमको उद्घाटन गर्दै उपप्रमुख थापाले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षकहरुको महत्वपूर्ण भूमिका हुने भएकाले तालिमले गुणस्तर सुधारमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरिन्।उनले शिक्षक र विद्यालयलाई दोष दिनु भन्दा विद्यालयलाई कसरी राम्रो बनाई विद्यार्थी आकर्षित गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित हुनु पर्नेमा जोड दिइन्। विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउनका लागि ध्यानपूर्वक तालिममा सहभागी हुन समेत उनले आग्रह गरिन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले विद्यालयको शैक्षिक गुणस्तर शिक्षकहरुको लगनशिलता र मेहनतमा निर्भर हुने बताए । तालिमका प्रशिक्षक दयाराज कंडेलले राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले नर्धारण गरेका निर्देशक सिद्धानत अनुसार आवधिक मूल्याङ्कन नगरेर हरेक दिन शिक्षण सिकाई क्रियाकलपसँगै निरन्तर विद्यार्थी मूल्याङ्कनलाई जोड्दै आएको बताए । उनले कक्षा कोठामा सिकाई गतिविधि सञ्चालन गर्दा विभिन्न क्रियाकलापमा धेरै समय व्यतित गरे पनि तुरुन्तै मूल्याङ्कन गर्न नसक्दा विद्यार्थीको कमजोरी धेरै पछि थाहा हुने र सुधार्न गाह्रो हुने भएकाले सिकाईसँगै मूल्याङ्कन गर्न आवश्यक रहेको बताए । कार्यक्रममा नगरभित्रका २९ प्राथमिक विद्यालयका कक्षा १-३ सम्म अध्ययापन गराउने शिक्षकहरुको सहभागिता रहेको छ । तालिम ४ दिन सम्म चल्ने छ । प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितको अध्यक्षता, शिक्षा शाखाका प्राविधिक सहायक अनिता कुँवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## अनलाइन प्रणालीसँग...

...नेपालमा माल लिन आउने भारतीय ढुवानीका साधनले नेपाल प्रवेश गर्दा एक हजार ७०० शुल्क तिर्नुपर्ने व्यवस्था छ । यस्ता सवारीले दुई दिनभित्र माल लोड गरी नेपालबाट फर्किनुपर्ने हुन्छ । त्यस्तै, भारतबाट माल बोकेर नेपाल आउने ढुवानीका साधनले एक हजार ५०० तिरेर प्रवेश अनुमति पाउने गरेका छन् । यस्ता गाडीले ७२ घण्टाभित्र नेपाल छाडे थप कुनै शुल्क लाग्दैन । तर ७२ घण्टाभन्दा बढी नेपालमा बसेमा प्रतिदिन दुई हजार ५०० का दरले महसुल लाग्ने व्यवस्था रहेको पौडेलले जानकारी दिए । उनका अनुसार मालवाहक ढुवानीका साधन व्यापारिक प्रयोजनसँग प्रत्यक्ष सम्बन्धित भएकाले तिनमा पर्यटकीय सवारीसरह ३० दिने सीमा लागू गरिएको छैन ।

**सीमावर्ती बजारका लागि १२ घण्टे सुविधा**

सीमावर्ती क्षेत्रका स्थानीय बासिन्दालाई लक्षित गर्दै नेपाल-भारत सीमा नाकामा छोटो अवधिको आवतजावत सुविधा पनि दिइँदै आएको छ । कार, जिप र मोटरसाइकललगायत भारतीय सवारी साधनले नजिकको नेपाली बजारसम्म आवतजावत गर्न १२ घण्टे सुविधा पाउने गरेका छन् । यस्तो सुविधाका लागि कुनै शुल्क लाग्दैन । प्रमुख भन्सार अधिकृत पौडेलका अनुसार यो सुविधा मुख्यत: सीमावर्ती बजारमा दैनिक किनमेल, सामान्य व्यापार तथा आवतजावत गर्ने स्थानीय नागरिकलाई लक्षित गरेर दिइएको हो । "सुविधा लिने भनेका सीमावर्ती बजारका स्थानीय हुन् । उनीहरुलाई सहज ओहोरदोहोरका लागि यस्तो व्यवस्था गरिएको हो", उनले भने । उनले नेपाली सवारीसाधनले पनि भारततर्फ नजिकका रेलवे स्टेशनसम्म जान यही प्रकारको सुविधा उपयोग गर्दै आएको बताए ।

**डिजिटल निगरानीपछि कार्यान्वयन प्रभावकारी हुने अपेक्षा**

भन्सार प्रशासनले अनलाइन प्रणाली कार्यान्वयनसँगै अब भारतीय सवारीसाधनको नेपाल बसाइ अवधि, प्रवेश संख्या र समयसीमा उल्लैनको विवरण सहजै 'ट्र्याक' गर्न सकिने जनाएको छ । यसले राजस्व चुहावट नियन्त्रण, अवैध रुपमा लामो समयसम्म विदेशी सवारी सञ्चालन रोक्न तथा कानुनी व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै सीमावर्ती क्षेत्रमा हुने अनियमित आवतजावत नियन्त्रणमा पनि यसले भूमिका खेल्ने प्रमुख भन्सार अधिकृत पौडेलको भनाइ छ । नेपाल सरकारले सडकमार्ग हुँदै नेपाल आउने विदेशी पर्यटकका सवारीसाधनका लागि अनलाइन दर्ता तथा राजस्व भुक्तानी प्रणाली सुरु भइसकेको छ । नयाँ व्यवस्थाअनुसार भारतसहित अन्य देशबाट निजी सवारीसाधन लिएर नेपाल भ्रमणमा आउने पर्यटकले यात्रा सुरु गर्नुअघि नै अनलाइनमार्फत आफ्नो सवारीको विवरण दर्ता गर्न सक्नेछन् । साथै आवश्यक राजस्व शुल्क पनि डिजिटल माध्यमबाट भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ । भुक्तानी प्रक्रिया पूरा भएपछि पर्यटकलाई इमेलमार्फत क्युआर कोड उपलब्ध गराइनेछ । सीमा नाकामा यही क्युआर कोड देखाएर सवारीसाधनलाई नेपाल प्रवेश अनुमति दिइने व्यवस्था गरिएको छ । यो प्रणालीको अर्को विशेषता भनेको सवारी अनुमति अवधिको नवीकरण प्रक्रिया पनि अनलाइनमार्फत गर्न सकिने व्यवस्था हो । यात्राका क्रममा अनुमति अवधि सकिएमा पर्यटकले नेपालभित्रैबाट अनलाइन माध्यमबाट अनुमति नवीकरण गर्न सक्नेछन् । यसका लागि पुन:सीमा नाकासम्म जानुपर्ने आवश्यकता नपर्ने जनाइएको छ ।

खेलकुद समाचार

## फिबा एसिया कपमा नेपाल समूह ए मा




**काठमाडौं,** वैशाख २६/ फिबा एसिया कप बास्केटबल २०२९ प्रि क्वालिफायर्समा नेपाल समूह ए मा परेको छ । फिबाले शुक्रबार फिबा एसिया कप प्रि क्वालिफायर्स पहिलो चरणको ड्र सार्वजनिक गरेको हो ।

फिबा एसिया कप २०२९ क्वालिफायरका खेलहरु २०२६ अगष्ट देखि २०२९ फेब्रुअरीसम्म सञ्चालन हुनेछ । त्यसअन्तर्गत फिबा एसिया कप प्रि क्वालिफायर्स अगष्ट २४ देखि सेप्टेम्बर १ (२०८३ भदौ ८ देखि १९) सम्म एसियका विभिन्न देशमा सञ्चालन हुनेछ । प्रि क्वालिफायर्समा एसियाका १७ र ओसियाका क्षेत्रका १ गरी कूल १७ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् । नेपाल रहेको समूह ए मा बहराइन, युएई, कुवेत र ओमान छन् । यस समूहको खेल युएईको दुबईमा हुनेछ । यस्तै समूह बी मा काजखस्तान, प्यालेस्टाइन, श्रीलंका, माल्दिभ्स र कीर्गिस्तान छन् । यस समूहको खेल काजाखस्तानको अलमाटीमा हुनेछ । समूह सी मा इन्डोनेसिया, मलेसिया र सिंगापुर तथा समूह डी मा थाइल्यान्ड, मंगोलिया, भियतनाम र फिजी छन् । समूह सी को छनोट मलेसिया र समूह डी को छनोट मंगोलियामा हुनेछ । प्रि क्वाफायर्सको हरेक समूहबाट शीर्ष तीन टिम दोस्रो चरणमा प्रवेश गर्ने फिबाले जनाएको छ । दोस्रो चरणमा छनोट भएका टिमलाई दुई समूहमा विधाजन गरिनेछ ।

अर्थ/कर्पोरेट समाचार

## सानिमा बैंकका ग्राहकलाई शून्य प्रतिशत ब्याजमा ईएमआई सुविधा




**पाल्पा,** वैशाख २६/सानिमा बैंकले आफ्ना क्रेडिट कार्ड ग्राहकहरूका लागि शून्य प्रतिशत ब्याजदरमा ईएमआई सुविधा ल्याएको छ । बैंकले ग्राहकहरूलाई सुलभ र सहज वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले शून्य प्रतिशत ब्याजदरमा मासिक किस्ताबन्दी सुविधा ल्याएको हो ।

उसले सो सुविधाका लागि 'फिन्तारा सोलुसन्स प्रालि' सँग साझेदारी गरेको छ । साझेदारीअनुसार बैंकका क्रेडिट कार्ड प्रयोगकर्ताहरूले फिन्तारासँग आबद्ध विभिन्न मर्चेन्ट स्टोरहरूबाट सामान खरिद गर्दा कुनै पनि अतिरिक्त ब्याज बिना १२ महिनासम्मको ईएमआई सुविधा उपभोग गर्न पाउनेछन् । बैंकका अनुसार यो सुविधा विशेषगरी इलेक्ट्रोनिक्स, मोबाइल सेट, ल्यापटप, फर्निचर, माउन्टेन बाइक र घरेलु उपकरण जस्ता उच्च मूल्यका सामग्री खरिद गर्न चाहने ग्राहकहरूका लागि लक्षित गरिएको छ । यो योजनाले ग्राहकहरूलाई आर्थिक बोझ कम गराई गुणस्तरीय सामानहरू किस्ताबन्दीमा खरिद गर्न थप पहुँच पुग्ने विश्वास बैंकले लिएको छ । "डिजिटल भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्दै नगदरहित इकोसिस्टम निर्माण गर्ने हाम्रो लक्ष्यमा यसले थप मद्दत पुऱ्याउनेछ," बैंकद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

यस्तै बैंकले आफ्ना डेबिट, क्रेडिट कार्ड र मोबाइल बैंकिङ प्रयोगकर्ताहरूका लागि विभिन्न अस्पताल, सपिङ आउटलेट, होटल तथा रेष्टुरेन्टहरूमा पनि आकर्षक छुटको व्यवस्था गरेको छ ।

**जग्गा भाडामा**

होटल, किराना, रासन, गोदाम जस्ता व्यवसाय गर्न इच्छुकले तानसेन-रिडी-तम्घास जाने बाटोको मुखै निर भिरालो जग्गाको माटो आफैले हटाई आफ्नो अनुकुल सटर, टहरा बनाई तत्काललाई १० वर्षका निम्ति जग्गा भाडामा लिन चाहने व्यक्ति, संस्थाले याथाशिघ्र सम्पर्क राख्नु होला :

**सम्पर्क नम्वर : ९८४१४५३०८६**

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई